*Pragya Darshan 2024, 6(1): 30-35* *@DEPAN, UCU*
*ISSN: 2542-2634 (print)* *Research Article*

# पाठको संयुक्तिगत अर्थ विश्लेषणको सैद्धान्तिक स्वरूप

*दीपक प्रसाद ढकाल*

*नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।*

**Email: deepakdhakal973@gmail.com*

Received: 20th August, 2023; Revised: 21st November, 2023; Accepted: 10th December, 2023

*सार*

*प्रस्तुत लेख भाषिक पाठको संयुक्ति व्यवस्था तथा पाठले ग्रहण गरेको विधा स्वरूप पहिचानको अधारमा केन्द्रित छ । भाषिक पाठ समाज सन्दर्भको आर्थी प्रतिबिम्बन हो । त्यसैले पाठमा आर्थको समन्वय हुनु अनिवार्य पक्ष हो । प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले तयार गरिएको हो । लेख तयारीका क्रममा पुस्तकालय कार्य सामाग्रीको स्रोत हो । पाठभाषाविज्ञानमा भएका सैद्धान्तिक सामग्री यस लेखका प्राथमिक सामग्री हुन् । पाठको संरचना तथा त्यसका आन्तरिक व्यवस्थामा केन्द्रित भएर गरिएका अध्ययन यस लेखका निम्ति द्वितीयक सामाग्री हुन् । गुणात्मक अध्ययन पद्धतिमा आधारित भई प्रस्तुत लेख तयार गरिएको छ । कुनै पनि भाषिक पाठ सांस्कृतिक सन्दर्भको प्रतिबिम्बन हो । यस्तो प्रतिबिम्बन तयार गर्दा सङ्केतको सघनता अर्थात् ती सङ्केतले सन्दर्भित गरेको स्थितिगत मानको एकरूपतामा केन्द्रित हुनु पर्छ । त्यसैगरी सङ्केतको सघनताले प्रस्तुत गरेका समाज सन्दर्भका सूचक (क्षेत्र, सहभागी र माध्यम) का पारस्परिक आर्थी सहगुणको मेल हुनु पर्छ । कुनै पाठले विधा स्वरूप ग्रहण गर्न क्षेत्र, सहभागी र माध्यमका बिचको श्रेणीमानले एकाइगत वा समष्टिगत रूपमा भूमिका खेलेको हुन्छ । साहित्यका स्थापित विधा पनि समाज सन्दर्भका यिनै सूचकको सघन र पारस्परिकतामा आधारित हुन्छ ।*

शब्दकुञ्जी: *आनुभवीकरण, माध्यम,विधा, सहभागी, क्षेत्र ।*

## १. विषयपरिचय

भाषिक तथा गैरभाषिक सङ्केत जसले सम्प्रेषका सिलसिलामा समाज सन्दर्भका विभिन्न अर्थलाई सन्दर्भित गर्दछ भने त्यसलाई पाठ भनिन्छ। अर्थ सम्प्रेषणका आधारभूत पक्षबाट पाठलाई अर्थ्याइन्छ । अर्थ सम्प्रेषण हुने भएकाले पाठको प्रयोजन पनि मानव समाज वा समुदाय सम्बद्ध विषय हो । पाठलाई पनि भाषिक तथा गैरभाषिक रूपले विभाजन गरिन्छ । रेखाचित्र, आकृति, रङको विविध ढाँचामा गरिएका संयोजन, ध्वनिका तरङ्गद्वारा सृजित विविध आरोह तथा अवरोहलाई पनि पाठका रूपमा लिइन्छ किनभने यिनमा पनि समाज र समुदायको साझा विश्वास तथा व्यावहारलाई सन्दर्भतामा प्रस्तुत गरिएको हुन्छ। प्रस्तुत विश्लेषणात्मक लेखमा पाठको आशय भाषिक सङ्केत व्यवस्था तथा त्यस्ता सङ्केतले सन्दर्भित गरेका मानवीय व्यवहार तथा विश्वासरूपी साझा संस्था हो । भाषिक सङ्केत केवल सङ्केत विज्ञानको विषय मात्र नभई मानविकी वा समाज तथा संस्कृतिको विषय हो । त्यसैले पाठीय संयुक्ति भनेको मानविकीका विविध समाज सन्दर्भमा गरिएको गतिशील विचरण हो । यस्तो गतिशीलता मापनको आधार नै सन्दर्भता तथा त्यसका आयाम हुन् । सन्दर्भताअनुसार कोशीय एकाइको चयन, चयनित एकाइको सन्दर्भगत अन्तरसम्बन्धित ढाँचा (interlocking pattrn), त्यस्तो सुसम्बद्धताले निर्माण गरेका वाक्य (sentence in combination) हुँदै अनुच्छेद र प्रकरणसम्मको व्याप्तिबाट पाठको बाह्य संरचना तयार गरिएको हुन्छ तर संयुक्तिगत अर्थ भनेको सन्दर्भताको अमूर्तमानलाई दिइएको एकीकृत सङ्गठनात्मक व्यवस्था हो । त्यसैले भाषिक पाठ मूर्त र भौतिक प्रकृतिको अभिकल्पना हो भने संयुक्तिगत अर्थ भनेको अमूर्त तर सम्प्रेषणमा प्रयोग गरिएको मानवीय अनुभव एवं व्यवहारको साझा तह हो । यस्तो साझा तह भाषिक समाज र समुदायमा संस्थागत रूपले रहेको हुन्छ । भाषिक पाठको संयुक्तिगत पक्ष र त्यसको स्थापित मानका बारेमा गरिएको तथ्यपरक सत्यापन नै यसको सैद्धान्तिक कोण हो। सन्दर्भताको गतिशील अवस्था भाषिक पाठमा कसरी आएको हुन्छ भन्ने बारेमा मानवशास्त्रीय अध्ययन आधारभूत रूपले रहेको हुन्छ। भाषा मानवीय व्यवहार भएकाले पछि मात्र यसको वैज्ञानिक अध्ययन पद्धति तथा विश्लेषणको स्वरूप बारे विमर्श भएको हो । मानवशास्त्री मेलिनोब्स्की (सन् १९२३), बेलयती भाषावैज्ञानिक फर्थ (सन् १९५७), ह्यालिडे तथा हसन (सन् १९९१), भेन डिक (सन् १९९७), स्टेफन लेभिन्सन र रोबर्ट लाङ्केकर (सन् १९७८), जस्ता पाठभाषा वैज्ञानिक यसका अग्रणी अध्येता हुन् । नेपाली पाठभाषाविज्ञनको परम्परामा

चूडामणि बन्धु(२०७३), वासुदेव घिमिरे(२०६९), भुवन न्यौपाने(२०७९) लगायतका अध्येता यसतर्फ सक्रिय देखिन्छन् ।

## २. अध्ययनको विधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको हो । लेखका निम्ति आवश्यक सामग्री पुस्तकालय कार्यबाट उपयोग गरिएको हो । पाठभाषाविज्ञानका सैद्धान्तिक सामग्री यस लेखका प्राथमिक सामग्री हुन् । त्यसैगरी पाठ संरचनाको विश्लेषण गरिएको सामाग्री यस लेखका द्वितीयक सामग्री हुन् । सामग्रीलाई गुणात्मक विधिका आधारमा विश्लेषण गरी सत्यापनको तहसम्म पुगिएको छ । विश्लेषणका क्रममा ह्यालिडे र हसन (सन् १९९१)को *ल्याङ्ग्वेज, कन्टेस्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्वेज इन सोसियल सेमियोटिक प्रस्पेक्टिभ*, सुजने इगिन्स र जे.आर. मार्टिन (सन् १९९७) को "जान्र एन्ड रजिस्टर अफ डिस्कोर्स" का मान्यतालाई मुख्य सैद्धान्तिक पर्याधारका रूपमा प्रयोग गरिएको छ । नेपाली पाठभाषाविज्ञानको क्षेत्रमा पाठको संयुक्ति व्यवस्थाका बारेमा अध्ययन भएका छन् तर पाठको संयुक्तिगत अर्थलाई संरचित गर्न आएका घटक तथा तिनका पास्परिक सम्बन्धका कोणबाट अध्ययन भएका छैन् । अध्ययनको यही रिक्ततामा केन्द्रित भई प्रस्तुत लेख तयार गरिएको हो ।


## ३. पाठको संयुक्ति व्यवस्था

भाषिक सङ्केत तथा तिनको अन्वयात्मक सम्बन्धद्वारा संरचित पाठमा अर्थको निवेषण कसरी हुन्छ भन्ने विषय पाठको संयुक्ति हो । कुनै कोशीय एकाइ निरपेक्ष सार्थक हुन्छ वा त्यसले अन्य एकाइसँगको पारस्परिकता माग गरेको हुन्छ भन्ने कोणबाट पाठीय संयुक्ति अध्ययन गरिन्छ । कोशीय एकाइको निरपेक्ष अर्थ सामर्थ्य वा सापेक्ष अर्थ सामर्थ्यका विषयमा भाषिक अर्थ चिन्तकका बिचमा बहस रहेको छ । "पाठमा अभिहित पदहरूका अभिहित पदार्थहरूको अन्वयबाट वाक्यको अर्थ गर्नु नै अभिहितान्वय हो" (अधिकारी, २०७१,पृ.७९)भनी एकाइको सापेक्षतालाई अर्थ निवेषणको आधार मानिएको छ । यसले पाठीय अर्थ संरचना कोशीय एकाइको पारस्परिकतामा खोजिने विषय हो भन्ने मतलाई बलियो बनाएको देखिन्छ । "पाठीय अर्थ संरचनामा कोशीय एकाइ अन्य पद सापेक्ष नभई प्रयुक्त भएको वाक्य सापेक्ष हुन्छ । त्यसैले अपूर्ण बाक्यबाट पनि सम्भावित अर्थको पूर्वानुमान सम्भव हुन्छ" (बन्धु, २०७०, पृ.२६) ले पदको स्वायत्ततमा प्रश्न गरेको छ । अर्थ चिन्तनको पूर्वीय मत जस्तै पाश्चात्य मानवशास्त्री तथा समाजशास्त्रीका बिचमा पनि कुनै पाठको अर्थ सृजनाको आधार के हो भन्ने मत छ । पाठमा अर्थको निवेषण वा पाठबाट प्राप्त हुने अर्थ पाश्चात्य भाषाविज्ञानमा मानवशास्त्रीय अध्ययनको पृष्ठभूमिबाट विकसित अवधारणा हो । भाषिक सङ्केत व्यवस्थामा अर्थको सृजना अनुवादका सन्दर्भमा देखिएका समस्या समाधान हेतु प्राप्त भएको अध्ययन क्षेत्र हो ( ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । क्यारिबियन क्षेत्रका समुदायले माछा मार्ने व्यवसाय सञ्चालनका सिलसिलमा गरेका गतिविधि तथा भोगेका समस्यालाई अङ्ग्रेजीमा अनुवाद गर्ने क्रममा देखा परेका समस्या समाधान खोज्दा पाठीय संयुक्ति व्यवस्थाको आरम्भिक अवधारणा प्राप्त भएको हो । "पाठबाट प्राप्त भएको अर्थ भनेको समग्र परिवेश हो जसमा केवल शाब्दिक परिवेश (verbal environment) मात्र नभई उक्त पाठ अभिव्यक्त ( uttered) भएको स्थिति सन्दर्भता (context of situation) को समष्टि हो" (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । सन्दर्भ (context) लाई कुनै खास व्याक्यको पूर्वस्थानिक वाक्य तथा पद र परस्थानिक वाक्य तथा पदका बिचको सम्बन्ध भनी साबिकमा विश्लेषण गरिएको अवस्थामा मेलिनोब्स्कीले सन्दर्भ भनेको भाषिक सन्दर्भ तथा गैरभाषिक (सामाजिक तथा सांस्कृतिक) सन्दर्भको समष्टि भन्ने मानवशास्त्रीय कोणबाट पाठको संयुक्ति व्यवस्था विश्लेषण गरे ।

भाषा मानवीय सञ्चारको प्रक्रिया भएकाले पाठको संयुक्तिगत अर्थ पनि सामाजिक तथा सांस्कृतिक अमूर्त विश्वासको साझा रूपमा आधारित हुन्छ । भाषा समाजको मौलिक सृजना भएकाले यसको प्रयोग पनि समाजमा नै हुन्छ । त्यसैले भाषा र समाजका बिचमा निर्विकल्प सम्बन्ध रहेको हुन्छ । कुनै पाठले सन्दर्भित गरेका सन्दर्भ तथा त्यसका संरचनात्मक घटकमा संस्कृति, अर्थ र स्थिति सन्दर्भको त्रिकोणात्मक अन्वय रहेको हुन्छ । अर्थात् पाठले बहन गरेको आर्थी अमूर्त पक्ष संस्कृति, स्थिति सन्दर्भ तथा अर्थको पारस्परिकताको परिणाम हो । संयुक्ति व्यवस्थाका आधारभूत पक्षलाई निम्नानुसारको आरेखका अधारमा यसप्रकार विश्लेषण गरिएको छ :

आरेख १ : संस्कृति, अर्थ र स्थिति

(**culture, meaning and situation**)




(ह्यालिडे र हसन, सन् १९९१, पृ.१००)

माथिको आरेखमा संस्कृति (सन्दर्भता) का घटकलाई पारस्परिक सम्बद्धताका आधारमा प्रस्तुत गरिएको छ । कुनै पनि भाषिक पाठमा सङ्केतको सघनता, अर्थगत सघनता तथा विशिष्ट विधागत सघनता निर्माणका निम्ति कोशीय एकाइको चयनको व्यस्थालाई प्रस्तुत गरिएको छ । यी सबै घटकीय मानका पारस्परिकताबाट नै कुनै पनि भाषिक पाठको संयुक्तिगत अर्थको अमूर्त मान भाषिक प्रतीकका आधारमा मूर्तीकृत भएको हुन्छ । अर्थात् अवधारणालाई सङ्केतले पाठीय स्वरूप दिएको हुन्छ । यसको विश्लेषण निम्नअनुसारका उपशीर्षमा प्रस्तुत गरिएको छ :

३.१ पाठमा सङ्केतात्मक सघनता

भाषिक पाठ सङ्केत व्यवस्थाको संरचनात्मक स्वरूप हो । भाषामा यादृच्छिक वाक् प्रतीक सङ्केतका रूपमा रहेका हुन्छन् । त्यस्ता सङ्केतले पारस्परिक आर्थी गुणलाई सम्बद्ध गरेको अवस्था सङ्केतात्मक सघनता हो । अर्थात् कुनै पनि पाठको पहिलो वाक्यमा प्रयुक्त कोशीय एकाइले निर्दिष्ट गरेको गुण अन्य सङ्केतमा हुने सरणीको आनुक्रमिकता व्यवस्थित गरिएको हुन्छ । सङ्केतहरू कस्ता प्रयोग गर्ने, किन त्यस्ता सङ्केत प्रयोग गर्ने, प्रयुक्त सङ्केतका बिचको पारस्परिकतालाई केले निर्दिष्ट गर्ने भन्ने विषय आरम्भमा आएको नयाँ सूचनाको विशेषाधिकार हो । यस्तो शाब्दिक परिवेश (verbal environment) पाठको बाह्य तहमा मूर्त रूप भएर आएको हुन्छ (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । पाठमा खास किसिमका कोशीय एकाइ किन छन् वा त्यस्ता कोशीय एकाइलाई प्राथमिकतामा किन राखिएको छ भन्ने पक्ष प्रस्ट भएन भने भाषिक पाठको सन्दर्भता प्राप्त नहुने र अनुभवको सम्प्रेषण नहुने अवस्था हुन्छ । त्यसैले खास प्रकारका कोशीय एकाइको निर्दिष्टता "त्यो पाठ कस्तो स्थितिगत मानमा उच्चार भएको छ" (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) भन्ने कोणको पुष्टीकरण हो । यसैलाई ह्यालिडे र हसन (सन् १९९१) ले महत्त्वपूर्ण स्थितिगत मान ( significnt situational values) का रूपमा सैद्धान्तिक स्वरूप दिएका हुन् । जस्तै : माथिको आरेखमा सङ्केतात्मक सघनता र स्थितिगत मान समान तहमा तथा पास्परिकताका प्रयोजनमा प्रस्तुत भएका छन् । स्थितिगत मानले खास भाषिक सङ्केत अपेक्षा गर्ने तथा खास सङ्केतले समस्तरका वा स्थितिगत समगुणको प्रकटनको योग्यता भएको कोशीय एकाइको अपेक्षा गर्ने सैद्धान्तिक मान प्रस्तुत गरिएको छ । "कोशीय एकाइले सङ्केतात्मक सघनताका आधारमा निकटस्थ परिवेश (immidiate environment) सृजना गर्छ तर कुनै एकाइले कुनै निकटस्थ दृश्य, ध्वनि मत्र बुझाएर पुग्दैन । यसका अतिरिक्त सांस्कृतिक इतिवृत्त, सहभागी र त्यस सहभागीका पछाडिको अर्थ जुन व्यावहारिक वा सनातन छ भन्ने पनि खोजिन्छ" ( ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । पाठ समाज निरपेक्ष व्यवस्था होइन किनभने "...भाषाका माध्यमद्वारा हामी मान्छेका क्रियाकलापलाई समाजमा हेर्छौं" (बन्धु, २०७० पृ.१२३) । समाजमा हेरिने यस्तो स्थितिगत विशिष्टता नै सङ्केतात्मक सघनतामा अमूर्त रूपले निबद्ध भएको स्थितिगत मान हो । यस्तो स्थितिगत मानले सङ्केतबिना मानस तहमा बिम्बात्मक स्वरूप पनि प्राप्त गर्न सक्तैनन् । त्यसैले स्थितिगत मानलाई दृश्यात्मक स्वरूप दिन, सङ्केततका

आधारमा मापनीय बनाउन, सङ्केत व्यवस्थाको संरचनात्मक स्वरूप दिन सङ्केतात्मक सघनता अनिवार्य हुनछ ।

### ३.२ पाठमा अर्थतात्त्विक सघनता

पाठको संयुक्ति व्यवस्थामा अर्थ पहिचानको आधार भाषाको अन्तरतह (interlevel) हो । कोशीय एकाइ स्वनिमको रेखीय र सार्थक संयोजन हो तर यस्तो संयोजन आफैँमा अर्थ भने होइन । भाषिक एकाइमा रूप (form) र स्थिति ( situation) को अभिन्नता प्रस्तुत गएिको हुन्छ । "यस्तो अभिन्नतामा अमूर्त अवधारणाको प्रवेश सन्दर्भ (context) हो" (बरी, सन् १९७७, पृ.४१) । सन्दर्भ पाठको संयुक्तिगत सम्बन्धमा अभिन्न अवधारणा हो । अर्थात् अर्थ भनेकै सन्दर्भ हो । सन्दर्भका संरचक क्षेत्र (field), सहभागी (tenor) र माध्यम (mode) हुन् । कुनै पनि फरक सन्दर्भ क्षेत्र, सहभागी र माध्यमका पृथक्ताले बन्ने भिन्नताको श्रेणी हो । कुनै घटकमा भएको फेरबदल नै कोशीय सङ्केतले दिने अर्थ र फरक सन्दर्भता हो । यी घटकले भाषाको अधिप्रकार्यका तहमा प्रभाव पार्ने क्षमता राखेका हुन्छन् । "सहभागीमा भएको पृथक्ताले अन्तरक्रियालाई आवश्यक स्रोतको प्रकार्य प्रदान गरेको हुन्छ । क्षेत्रमा भएको पृथक्ताले संज्ञानात्मक अधिप्रकार्यलाई स्रोतको प्रकार्य प्रदान गरेको हुन्छ । त्यसैगरी माध्यम (पद्धति) मा भएको पृथक्ताले अधिप्रकार्यलाई सङ्केतात्मक सङ्गठनको स्वरूप प्रदान गरेको हुन्छ" (इगिन्स र मार्टिन, सन् १९९७ पृ.२३९) । कुनै सङ्केतले प्रदान गर्ने अर्थ र उक्त अर्थको सहगुणयुक्त सङ्केत अपेक्षा गर्ने सन्दर्भ सरणी गर्नमा वा हुनमा यिनै तीन घटकको परिवर्तनले भूमिका खेलेको हुन्छ । यसका श्रेणीगत मानमा आएको पृथक्ता पाठको सङ्केतात्मक अर्थतात्त्विक सघनता हो । माथिको आरेखमा क्षेत्र, सहभागी र माध्यमका सम्भावित मानको समतलीय मान तथा पाठको अर्थतात्त्विक सघनता समान भएर आएका छन् । संयुक्तिका तहमा प्रस्तुत भएको संस्कृति (सन्दर्भ) भनेकै अमूर्त अवधारणका तहमा बोध गरिएको क्षेत्र (विषयवस्तु), सहभागी (भूमिका संरचना) र माध्यम ( प्रतीकात्मक सङ्गठन) को बाह्य संरचनात्मक व्यवस्था हो । भाषिक पाठ सामाजिक तथा सांस्कृतिक साझा मानको प्रतिबिम्बन भएकाले यसलाई सामाजिक सन्देशको रूपमा पनि व्याख्या गरिन्छ । त्यसैले पाठलाई सामाजिक तथा सांस्कृतिक मानवशास्त्रीय कोणबाट विश्लेषण गर्नु पर्छ ( घिमिरे, २०६९, पृ.४८) । यसरी समाजिक तथा सांस्कृतिक मानवशास्त्रीय कोणबाट गरिने सन्दर्भताको पहिचान पनि अन्ततः क्षेत्र, सहभागी र माध्यमलाई नै अन्तर्यका तहमा गरिने बोध हो । मानवले नै वरिपरिको दिक् तथा काललाई ध्वनिबिम्बको प्रयोग गरेर अवधारणको एक व्यक्तिदेखि अर्को व्यक्तिसम्मको सरणीलाई प्रस्तुत गरिरहेको हुन्छ । भाषा मानव मात्रको सृजना भएकाले कुनै पनि पाठबाट बोध गर्ने अर्थ भनेको वरपरको दिक् तथा कालको अवधारणात्मक संयोजन तथा सिलसिला हो ।

### ३.३ विधा निर्दिष्ट अर्थगत सघनता


पाठको विधा (Genre) भन्नाले सांस्कृतिक सन्दर्भताको विशिष्ट अवस्था हो । पाठमा निवेषित अर्थ भनेको सांस्कृतिक विविधताका आयममध्ये कुनै विशिष्ट सन्दर्भलाई सङ्केतन गरेका प्रतीकहरूको समष्टि हो । यस्तो समष्टि सन्दर्भताका आयाम तथा ती आयम (क्षेत्र, सहभागी र माध्यम) का साझा गुणले निर्दिष्ट गर्ने विषय हो । "यो पाठको प्रकार हो र यसलाई व्यापक सन्दर्भमा सांस्कृतिक क्रियाव्यापारको प्रकार पनि भन्न सकिन्छ" (न्यौपाने, २०७९, पृ.६३६) । कुनै पनि पाठमा प्रयुक्त भएका कोशीय सङ्केत तथा तिनका साझा मानमा केन्द्रित भएको अवस्था पृथक् अर्थी संरचना बन्छ । यस्तो पृथक्ताले प्रकारगत भेद तय गरेको हुन्छ । क्रियाव्यापार के, कसको र कसरी भन्ने विषय निरपेक्ष अवधारणा होइन । त्यसैले पाठमा समाज सन्दर्भका क्षेत्र, सहभागी र माध्यम जोडिएर आएकै हुनु पर्छ । सामाजिक सन्दर्भमा "अन्तरक्रियात्मक व्यवहारमा तुलनात्मक रूपले स्थिर प्रकार" (ढकाल, २०७५, पृ.१४) नै विधा हो । भाषाको मौखिक पाठ वा ध्वनि संरचनाको रेखीय विस्तारको अनुरूपित छापा पाठ भनेको समाजिक क्रियाव्यापारको सङ्गठनात्मक प्रतीक व्यवस्था हो । त्यसैले समाज सन्दर्भका क्षेत्र, सहभागी र माध्यमका एकाइगत मूल्य पाठमा स्थिर तथा सघन भएको अवस्था नै विधा निर्दिष्ट स्वरूप हो । माथिको आरेखमा पाठको विधा निर्दिष्ट अर्थतात्त्विक सघनता र क्षेत्र, सहभागी तथा माध्यमका एकाइगत मूल्यलाई सहगुणयुक्त समतलीय रेखामा प्रस्तुत गरिएको छ । यसको मतलब क्षेत्र, सहभागी र माध्यमले अधिक मात्रामा स्थिर मान प्राप्त गरेको र तिनका बिचको साझा अन्तरक्रियात्मक गुणको समष्टि अवस्था नै कुनै पनि पाठको विधा हो । सामाजिक प्रकार्यको तुलनात्मक रूपले स्थिर प्रकार हो । भाषिक पाठ विधा निर्दिष्ट हुनु पूर्व अधिप्रकार्यले भूमिका खेलेको हुन्छ । "अधिप्रकार्यका तहमा समाज सन्दर्भ भाषामा प्रस्तुत हुँदा क्षेत्र- संज्ञानात्मक, सहभागी-अन्तर्वैयक्तिक र माध्यम-पाठपरक बनेको हुन्छ । त्यसैगरी भाषा समाज सन्दर्भमा प्रस्तुत हुँदा संज्ञान-क्षेत्र, सहभागी-अन्तरवैयक्तिक र पाठ-माध्यम बनेर आएको हुन्छ" (मार्टिन र इगिन्स, सन् १९९७, पृ.२४३) । कुनै पाठको सामाजिक प्रकार्य र त्यस्तो प्रकार्यनिष्ठ भाषिक संरचनाका तहबाट नै

पाठको विधा निर्धारण गरिन्छ । सन्दर्भता वा सामाजिक प्रकार्यको अलग मान पाठमा प्रस्तुत हुनु नै पाठको संयुक्तिगत विशिष्ट अर्थ हो र विधा पनि हो । यस्ता विधा अनन्त हुन्छन् किनभने भाषिक वक्तलो समाजका विविध दिक् तथा कालमा आफ्ना भाषिक अन्तरक्रिया सम्पन्न गरेको हुन्छ । मात्र फरक क्षेत्र, सहभागी र माध्यम (पद्धति) को श्रेणीमानमा भएको फेरबदल मात्र हो । सहभागी र पद्धति समान भए पनि क्षेत्र फरक भएका कारण पाठको विधा फरक हुन्छ । यो अवस्था तीन वटै घटकमा लागू हुन्छ ।

४. पाठको संयुक्तिगत विधा स्वरूप

संयुक्तिगत विधा पाठको प्रतीकात्मक सघनता र अर्थगत सघनतासमेतको समष्टिबाट तयार भएको अधिप्रकार्यात्मक तह हो । सांकृतिक सन्दर्भता भाषामा प्रबिम्बित भए पछिको अवस्थामा मात्र त्यसले आर्थी संरचना वा आकार ग्रहण गर्छ । अर्थ अमूर्त अवधारणा भएकाले त्यसलाई समन्वित गर्न वा मूर्तता दिन पाठ अनिवार्य हुन्छ । यसरी अनिवार्यत: समन्वित हुन आएको वा अधिशासित हुन आएको सन्दर्भ नै पाठको विधा हो । यस्तो अधिशासन अधिशासित सम्बन्धमा समाज सन्दर्भ (संस्कृति) सदैव अधिशासक बनेर आएको हुन्छ । “हरेक अर्थ व्यवस्था यसै (अधिशासक) स्रोतद्वारा निसृत अवस्था हो । प्रतीकात्मक सघनताले गतिविधि (कार्य), अवस्था (कुनै भौतिक वा अभौतिक स्थिति), अन्तरक्रिया ( भनाइ) लाई समेटेको हुन्छ” (ह्यालिडे र हसन, सन् १९९१, पृ.९९) । समाज सन्दर्भमा पाठका अनन्त प्रकार हुने भएकाले ती पाठको अन्तर्यमा यिनै घटकको संयोजन कसरी भएको छ भन्ने पक्ष विश्लेषण गरिन्छ । समाज सन्दर्भले अधिप्रकार्यका तहबाट प्राप्त गरेको संरचनात्मक स्वरूप तथा त्यसले प्राप्त गर्ने विधा ढाँचालाई मार्टिन र इगिन्स (सन् १९९७) मा यसप्रकार प्रस्तुत गरिएको छ :

आरेख २ :अधिप्रकार्यका तहमा प्रस्तुत पाठको विधा स्वरूप




पृ.२४३

माथिको आरेखमा समाज सन्दर्भ र भाषा क्षेत्र, सहभागी तथा माध्यममा प्रस्तुत हुँदा प्राप्त हुने विधागत भेद प्रस्तुत गरिएको छ । भाषा समाजको विषय भएकाले यो समाजसँग अभिन्न रूपले रहेको हुन्छ । समाज सन्दर्भको क्षेत्र भाषामा प्रस्तुत हुँदा त्यो संज्ञानात्मक बनेको हुन्छ । समाज सन्दर्भको सहभागी भाषामा प्रस्तुत हुँदा त्यो अन्तरवैयक्तिक बनेको हुन्छ । त्यसैगरी समाज सन्दर्भ माध्यम बनेर भाषामा प्रस्तुत हुँदा त्यो पाठपरक बनेको हुन्छ । कुनै पनि पाठका प्रयोजनपरक भेद यिनै तीन (क्षेत्र, सहभागी र माध्यम) का अन्तरका कारण सृजना भएको पृथक् आर्थी संरचनाको अवस्था हो । अधिप्रकार्य[२] क्षेत्र, सहभागी र माध्यममध्ये कुनै एकमा आएको अन्तरको अवस्था हो । पाठको विधा सृजनाका निम्ति यस्तो अन्तर कुनै एक घटकमा वा घटकहरूको समष्टिमा आएको अन्तरको विषय हो । सहभागी र माध्यम समान छ तर समाज सन्दर्भको क्षेत्र फरक छ भने पनि पाठको विधा फरक पर्छ । क्षेत्र र माध्यम समान छ तर सहभागी फरक छ भने पनि पाठको विधामा पृथक्ता सृजना हुन्छ । त्यसैगरी क्षेत्र र सहभागी समान छ तर माध्यममा पृथक्ता सृजना भएको अवस्था छ भने पनि पाठको विधामा अन्तर सृजना हुन्छ । त्यसैले त एक व्यक्ति फरकफरक सहभागीमा, एक क्षेत्र फरकफरक माध्यममा र एक माध्यम फरकपरक क्षेत्र तथा सहभागीमा वितरण हुन्छ अनि भाषाको सामाजिक प्रकार्य सम्पन्न भएको हुन्छ । यसैलाई भाषाको सामाजिक पक्ष भनिन्छ । प्रत्येक पाठ फरक विधा स्वरूपमा आर्थी संरचना बनेर आएको हुन्छ भन्ने मान्यतालाई पनि यसैले खण्डित गरेको छ । “पाठ र सन्दर्भका बिचमा पाइने त्यस्ता साझा मान जसले पाठका बिचमा निकट सम्बन्ध प्रस्तुत गरेको हुन्छ भने त्यस्तो अवस्थामा समान विधा स्वीकार्नु पर्छ” (ह्यालिडे र हसन, सन् १९९१, पृ.६८) । समाज सन्दर्भको ज्ञान भएको कुनै भाषिक सदस्यले यस्तो सन्दर्भ र भाषाका बिचको पारस्परिकतालाई बोध गर्न सक्छ । यस्तो बोधनको प्रक्रियालाई आनुभवीकरण (realization) भनिन्छ (इगिन्स र मार्टिन, सन् १९९७, पृ.२४१) । यही आनुभवीकरणको प्रयोगद्वारा नै कुनै दुई वा सोभन्दा बढी पाठको उपस्थिति भएको अवस्थामा समानता र असमानता पहिचान गर्न र पाठको विधा यकिन गर्ने समार्थ्य राखिन्छ । अर्थात् समाज सन्दर्भका सूचक (क्षेत्र, सहभागी र माध्यम) तथा भाषाका घटक (संज्ञानात्मक, अन्तरवैयक्ति र पाठपरक) का पारस्परिकता बोध गर्ने क्षमता राखिन्छ । साहित्यका विविध विधा पनि समाज सन्दर्भको क्षेत्र, सहभागी र पाठमा

आएको पृथक्ताको प्रतिबिम्बन हो । साहित्यको आख्यान विधामा सामाज सन्दर्भको क्षेत्रलाई सहभागीको नाटकीकृत अन्तरवैयक्तिक भूमिका गद्य संरचनामा प्रस्तुत गरिएको हुन्छ । समाजको खास सन्दर्भलाई गद्य पाठको संरचना दिएर सन्दर्भित गरिएको हुन्छ । अर्थको त कुनै भौतिक अकार हुन्न किनभने यो त अवधारणा मात्र हो । त्यसैगरी नाटक विधामा समाज सन्दर्भको सहभागीले अन्तरवैयक्तिक प्रकार्य सघन तुल्याएको हुन्छ र पाठीय संरचना गद्य स्वरूपमा मूर्तीकृत भएको हुन्छ । अर्थलाई पाठीय स्वरूप दिएर अलङ्कृत गर्ने माध्यम (पद्धति) को अन्तर मात्र हो । साहित्यको काव्य विधामा पनि समाज सन्दर्भलाई नै माध्यमको प्रधान भूमिका वा प्राधान्य तुल्याइएको हुन्छ । यसले प्रदान गर्ने अर्थ पनि अन्ततः अमूर्त अवधाराणा नै हो । यसलाई पनि आनुभवीकरणको प्रक्रियाका आधारमा पहिचान गर्ने हो । त्यसैले अधिप्रकार्य[१]को अवस्थामा पुगेपछि हरेक समाज सन्दर्भले क्षेत्र, सहभागी र माध्यम (पद्धतिगत) विस्तार प्राप्त भई यी तीनै घटकको पारस्परिक सघनताद्वारा विधा सौन्दर्य सृजना गरिएको हुन्छ ।

## ५. निष्कर्ष

भाषिक पाठ यादृच्छिक वाक् प्रतीकको संरचनात्मक अवस्था हो । यस्तो पाठले समाज सन्दर्भलाई सन्दर्भित गरेको हुनु पर्छ । मानव समाजको मौलिक सृजना भएकाले भाषाद्वारा मानवका सामाजिक तथा सांस्कृतिक क्रियाकलाप अध्ययन गरिन्छ । भाषा प्रतीकात्मक सङ्केत व्यवस्था भएकाले भाषिक पाठमा पनि सङ्केतको प्रकृति, भूमिका र भूमिकाको अन्तर्यमा रहेका समाज सन्दर्भ विश्लेषण गरिन्छ । कुनै पनि पाठको संरचनात्मक सुसम्बद्धताको पहिलो आधार भनेको सङ्केतका बिचको सहभाव वा स्वाभाविकता हो । त्यसैले पाठको संयुक्तिगत सघनता प्रथमतः सङ्केतका बिचको आर्थी सहगुणमा निर्भर हुने विषय हो । यस्तो सहगुणको निर्धारण स्थितिगत मानले गर्दछ । त्यसैगरी पाठको संयुक्तिगत अर्थलाई सघन तुल्याउन सङ्केत (वाक् प्रतीक) मा सन्दर्भित गरिएको समाजको सांस्कृतिक एकरूपता वा अवधारणागत समानतामा जोड दिनु पर्छ । सङ्केतले सांस्कृतिक सन्दर्भताको समान उपचर वा प्रतिमानलाई खिचेर राखेको हुनु पर्छ । पाठको विधा निर्दिष्ट अर्थगत सघनतामा समाज सन्दर्भका सूचक (क्षेत्र, सहभागी र माध्यम) का श्रेणीगत मान एवं अवस्थाले भूमिका खेलेको हुन्छ । यी तीन मानमध्ये कुनै एकमा भएको श्रेणीगत परिवर्तनले पाठको विधा स्वरूपमा प्रभाव पारेको हुन्छ । सूचकको मानमा हेरफेर कुनै एकको मात्र नभई तीन वटैको पनि भएको हुन सक्तछ । साहित्यिक स्वरूप प्राप्त गरेका भाषिक पाठका कुनै पनि संरचनामा समाज सन्दर्भका सूचक (क्षेत्र, सहभागी र माध्यम) बाट श्राणीगत मानमा फेरबदल हुन गई सृजित बाह्य उत्पादनलाई प्रस्तुत गरिएको हुन्छ ।

## सन्दर्भ सामगीसूची


अधिकारी, नीर्मलमणि (२०७१), *महान् दर्शानिक कुमारिल भट्ट र भट्ट मीमांसा दर्शनको सङ्क्षिप्त परिचय,* काठमाडौं : शिवप्रसाद, शान्तिदेवी र सुशील गौतम ।

ढकाल, दीपकप्रसाद (२०८०), “नङ्गेली ब्लुज कविताको सङ्कथनात्मक अर्थ” भरतकुमार भट्टराई (सम्पा.), *मौनताको काव्यिक उपासना,* काठमाडौं : शब्द-साया, पृ.३०५-३२१ ।

ढकाल, दीपकप्रसाद (२०७५), “प्रयोजनपरक पाठको विधा निर्धारण”, *वाङ्मय* (१६), पृ.१३-२२ ।

बरी, मार्गरेट (सन् १९७७), *एन इन्ट्रोडक्सन टु सिस्टमिक लिग्विस्टिक, स्ट्रक्चर एन्ड सिस्टम,* भोलुम-१, लन्डन : बाटस्फोर्ड लिमिटेड ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* नवौं संस्क., ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७०), *भाषाविज्ञानका सम्प्रदाय,* चौथो संस्क., काठमाडौं : एकता बुक्स डिस्टिब्युटर्स प्रा.लि. ।

न्यौपाने, भुवन (२०७९), “पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति”, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न बृहत् नेपाली समालोचना, काठमाडौं : रत्न पुस्तक भण्डार, पृ.३३५-३५१ ।

घिमिरे, वासु (२०६९), *सङ्कथन विश्लेषण : परिचय र पद्धति,* कीर्तिपुर : इन्टेलेक्चुयल बुक प्यालेस ।

इगिन्स, सुजने र मार्टिन, जे.आ.(सन् १९९७), “जान्र एन्ड रजिस्टर अफ डिस्कोर्स”, भान डिक (सम्पा.), डिस्कोर्स अज स्ट्रक्चर एन्ड प्रोसेस, लन्डन : सेज पब्लिकेसन, पृ.२३०-२५६ ।

ह्यालिडे, एम.ए.के र हसन, रुकैया (सन् १९९१), *ल्याङ्ग्वेज, कन्टेक्स्ट एन्ड टेक्स्ट : एन आस्पेक्ट अफ सोसियो सेमियोटिक प्रस्पेक्टिभ,* दोस्रो संस्क., अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।